# सार्वजनिक निष्काशनमा डिम्याट खाता अनिवार्य सम्वन्धी जरुरी सूचना

धितोपत्र बजारको आधुनिकीकरण गर्ने क्रममा यही मिति २०७२ माघ देखि पूर्णरुपमा अभौतिकीकरण भएको शेयरको मात्र कारोबार शुरु भै धितोपत्र बजार पूर्ण स्वचालित भएको र हकप्रद शेयर तथा बोनस शेयर लगानीकर्ताहरुको डिम्याट खातामा प्राप्त गर्न सकिने व्यवस्था भैसकेको छ । साथै सूचीकृत संगठित संस्थाहरुले शेयरधनीहरुलाई दिने नगद लाभांश सम्बन्धित शेयरधनीहरुको नेपाल क्लियरिङ हाउसको सदस्य भएको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा राख्न सकिने व्यवस्था पनि भएको छ । हाल निक्षेप सदस्य सेवा काठमाडौं बाहिर समेत विस्तार हुने क्रममा ५५ जिल्लाहरुमा पुगिसकेको र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले आगामी २०७३ आषाढ मसान्तसम्म ७५ वटै जिल्लामा निक्षेप सदस्यको सेवा विस्तार गर्ने जानकारी गराएको पृष्ठभूमिमा २०७३ साउन १ गतेदेखि काठमाडौ उपत्यका र २०७३ माघ १ गतेबाट उपत्यका बाहिरबाट समेत सार्वजनिक निष्काशनमा दरखास्त दिने दरखास्तवालाहरुले आफ्नो डिम्याट खाता दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गर्न मर्चेन्ट बैंकरहरुलाई निर्देशन दिईएको छ । यसै परिप्रेक्ष्यमा माथि उल्लेखित मिति देखि सार्वजनिक निष्काशनमा दरखास्त दिदा आफ्नो डिम्याट खाता अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने व्यवस्था गरिएकोले यस्तो निष्काशनमा दरखास्त दिन चाहने लगानीकर्ताले आफ्नो अनुकुलतानुसार समयमा नै यस्तो डिम्याट खाता खोल्नु हुन सम्बन्धित सवैलाई अनुरोध गरिन्छ ।

तर यसरी व्यवस्था गर्दा धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०६५ को नियम ७ को उपनियम (३) बमोजिम उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको प्रयोजनको लागि धितोपत्र निष्काशन हुँदा उक्त डिम्याट खाता अनिवार्य नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।